पर्सा जिल्लाको बिरगंजमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक गाई/भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फागुन २१ गतेदेखि २३ गतेसम्म पर्सा जिल्लाको बिरगंजमा **"व्यवसायिक गाई/भैंसीपालन तालिम"** सम्पन्न गरेको संस्थाका बिरगंज शाखा कार्यालयका शाखाप्रमुख श्री हेमलाल बश्यालले जानकारी गराउनु भएको थियो । यस तालिममा प्रशिक्षकहरु पशु सेवा कार्यालयका श्री धनसुन्दर प्रसाद साह श्री महेश प्रसाद साह, तथा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड बिरगंजका शाखा प्रमुख श्री हेमलाल बश्याल रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिईरहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नत तिर अगाडि बढेको समेत संस्थाका शाखा प्रमुख श्री हेमलाल बश्यालले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागतगर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको बिरगंज शाखा कार्यालयका प्रमुख हेमलाल बश्यालले प्रकाश पारेका थिए ।

तालिममा नेपालमा पशुपालनको ऐतिहासिक महत्व, नेपालमा हावापानी सुहाउदो बिभिन्न उन्नत ( नश्ल) तथा लोकल (काठे) पशुहरुको पहिचान (फरक) गर्ने गरिका, तिनिहरुको स्याहार सुसारमा ध्यान दिनुपर्ने कुराहरु, परम्परागत तरिकाको पशुपालन तथा व्यवसायिक पशुपालनबाट हुने फाईदा त्यसले किसानको आर्थिक अवस्थामा ल्याउने सुधार , गोठ निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरु , पशु तथा गोठको सरसपाईको आवश्यकता र महत्व, रोगि निरोगी पशु पहिचान गर्ने तरिकाहरु ,

पशुपालनमा लाग्ने रोगहरु ( रिपिट ब्रिडर्स, गर्भपतन, डिसटोकिया, प्रोल्याप्स) , तिनको रोकथानका उपायहरु, दुध उत्पादनमा गाई भैसिको योगदान , दुधालु गाई/भैसी छनौट गर्ने प्रक्रिया र यसको महत्व गाई/भैंसीको भाले खोज्ने उमेर, भाले खोजेको समय पतालगाउने, भाले लगाउने उत्तम समय र पहिचान गर्ने तरीका , कृत्रिम/प्राकृतिक गर्भाधान, यसको महत्व र गाई/भैंसीमा बाँझोपनाका मुख्यमुख्य कारणहरु यसका समाधानका उपायहरु गाई/भैसी पालन विधि, उमेर र अवस्था अनुसार गाई/भैंसी, बाच्छा बाच्छी, पाडा पाडीलाई भुई (ठाउँ)को आवश्यकता, ब्याउने गाई/भैंसी, दुहुना गाई /भैंसी तथा बाच्छा र बाच्छी, पाडा/पाडीको हेरचाहको साथै बिगौती दुध र यसको महत्वबारे जानकारी
दुहुना गाई/भैंसीको लागि हरियो घासँ तथा संतुलित दानाको महत्व , स्थानीय श्रोतबाट उपलब्ध कच्चापदार्थहरुको प्रयोग गरी सन्तुलित दाना बनाउने प्रविधि, दुधालु गाई /भैसीको लागि बर्षे भरि हरियो घाँस उत्पादन गर्ने तरिका , गाई /भैसीमा हने आन्तरीक तथा बाहय परिजीवीहरुको नियन्त्रणको साथै खोप कार्यक्रमबारे उन्नत/ गाई भैसीं पालन व्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरीका र यसको महत्व, गाई / भैसीपालन व्यवसायको बाजार व्यवस्थापनको बारेमा प्रशिक्षक (पशु प्राबिधिक) हरुले जानकारी गराएका थिए । त्यस्तै बैंकले प्रदान गरेका बिशेष गरेर (४ वटा आर्थिक) सेवाहरु कर्जा, बचत, बिमा, विप्रेषण हरु, कर्जा सदुपयोगिताको महत्व , कर्जा दुरुपयोग बाट पर्ने असर तथा बेफाईदा क्षति हरु , भैंसीपालन स्किमहरु , ब्यसायिक कृषक लाई संस्थाले दिने लघुउधम कर्जा सेवा सम्बन्धी विषयहरु त्था बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाले पैदान गराउने सेवाहरु ऋादिको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने बिरगंज शाखाका शाखा प्रमुख श्री हेमलाल बश्यालले बताएका थिए ।




यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानीगर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतना मूलक

कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दैआई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकता नुसार लगानी समेत गर्दै आई रहेको छ ।



संस्थाले २०७५ माघ मसान्तसम्ममा ३ लाख ४१ हजार ३८४ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ माघ मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ५३ करोड ४५ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ८० करोड ४४ लाख बचत परिचालन गरेको छ । भैंसीपालन गरीरहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका बिरगंज शाखाका शाखाप्रमुख श्री हेमलाल बश्यालले जानकारी गराएका थिए ।




तालिमको अन्त्यमा तालिमको मुल्याकंन सहभागी श्री निन्दा देबि कोईरी सहभागी श्री लक्ष्मी देबि तथा सहभागी श्री सुगा देबिले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा गाई भैसि पालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । गाई भैसि पालन गरी रहेका गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका शाखा प्रमुख श्री हेमलाल बश्याल ले जानकारी गराएका थिए । तालिमको संचालन बिरगंज शाखाका प्रमुख हेमलाल बश्यालले गरेका थिए ।